# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ बैशाख-असार
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण


राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७८ बैशाख-असारको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरु उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरुलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा २५४ वटा उजुरी, निवेदन तथा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.ब. २०७७।७८ सालको बैशाख, जेठ र असार महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७८ साउन ७ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१५. सार्वजनिक निकायको वेबसाइट

१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## २०७८ बैशाख-असारको विवरण

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको छ ।

### क) आयोगको दुरदृष्टि

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

### ख) लक्ष्य

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

### ग) उद्देश्य

१. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

### घ) रणनीतिक प्राथमिकताहरु

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।


२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये हाल ३५ जना कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचन



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५.	समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६	सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री विश्वबन्धु पौडेल<br>– कानुन अधिकृत शान्ती वाग्ले<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायव सुब्बा श्री विदुर आचार्य<br>– क.अ. श्री गौरव गुरुङ | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव श्री कपिल प्रसाद उपाध्याय<br>– शाखा अधिकृत हरिहर कार्की<br>– शाखा अधिकृत डिल्ली राम भट्ट | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव डा. मुकुन्द प्रसाद पौड्याल | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव श्री फणिन्द्र दाहाल<br>– शाखा अधिकृत श्री हिरा कुमारी यादव<br>– नायव सुब्बा श्री देव बहादुर घिमिरे<br>– नायव सुब्बा श्री हेमन्त रिज्याल<br>– क.अ. श्री रविन गौतम | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव डा. मुकुन्द प्रसाद पौड्याल | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री फणिन्द्र दाहाल | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री प्रदिप कुमार दाहाल | शाखा अधिकृत | |
| | | श्री हेमन्त रिज्याल | नायव सुब्बा | |
| | | श्री देव बहादुर घिमिरे | नायव सुब्बा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री शान्ति वाग्ले | कानून अधिकृत | |
| | | श्री विदुर आचार्य | नायव सुब्बा | |
| | | श्री शान्ता न्यौपाने | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री श्री कृष्ण खत्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री | शाखा अधिकृत | |
| ५. | आर्थिक प्रशासन शाखा | श्री यज्ञराज उप्रेती | लेखा अधिकृत | |
| | | श्री नारायण प्रसाद अधिकारी | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव भागिरथ पाण्डेय

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव भागिरथ पाण्डेय

## ९. सम्पादन गरेको कामको विवरण (२०७८ बैशाख-असार)

## १०. Facebook/Twitter : https://www.facebook.com/rtinepal,

**: https://twitter.com/suchanaayog आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

१. कार्यालय प्रमुख  सचिव भागिरथ पाण्डेय

२. सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

# १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

7/13/2021

सरकारी लेखा प्रणाली (CGAS+)

राष्ट्रिय सूचना आयोग

कार्यालय कोड नं.: ३५८२१३५०१

खर्चको फाटवारी

असार महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८

**बजेट उपशीर्षक :** राष्ट्रिय सूचना आयोग[३५८२१०११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३,०००,०००.०० | ०.०० | ८,४१४,१९६.०० | ६७०,३६४.७० | ९,०८४,५६०.७० | ०.०० | ९,०८४,५६०.७० | ३,९१५,४३९.३० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,८००,०००.०० | ०.०० | २,५८०,९६२.०० | २१६,७२२.०० | २,७९७,६८४.०० | ०.०० | २,७९७,६८४.०० | २,३१६.०० |
| २११२१ | पोशाक | २००,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ०.०० | १५०,०००.०० | ५०,०००.०० |
| २११२३ | औषधी उपचार खर्च | २००,०००.०० | ०.०० | ०.०० | १९७,०२०.०० | १९७,०२०.०० | ०.०० | १९७,०२०.०० | २,९८०.०० |
| २११३२ | महंगी भत्ता | ५००,०००.०० | ०.०० | ३३९,२६६.०० | ३०,०००.०० | ३६९,२६६.०० | ०.०० | ३६९,२६६.०० | १३०,७३४.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | ०.०० | १९०,०००.०० | ०.०० | १९०,०००.०० | ०.०० | १९०,०००.०० | १०,०००.०० |
| २११३९ | अन्य भत्ता | २००,०००.०० | ०.०० | ९,६००.०० | ९,३००.०० | १८,९००.०० | ०.०० | १८,९००.०० | १८१,१००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३००,०००.०० | ०.०० | १९६,०००.०० | ९०,०००.०० | २८६,०००.०० | ०.०० | २८६,०००.०० | १४,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ०.०० | ६८,४००.०० | ६,०००.०० | ७४,४००.०० | ०.०० | ७४,४००.०० | २५,६००.०० |
| २२१११ | पानी तथा बिजुली | ६००,०००.०० | ०.०० | २३३,५६१.०० | १५७,८५०.०० | ३९१,४११.०० | ०.०० | ३९१,४११.०० | २०८,५८९.०० |
| २२११२ | संचार महसुल | ८००,०००.०० | ०.०० | ३७७,२१७.०० | १३१,०५०.०० | ५०८,२६७.०० | ०.०० | ५०८,२६७.०० | २९१,७३३.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ७००,०००.०० | ०.०० | ५६८,१७२.०० | १२२,०००.०० | ६९०,१७२.०० | ०.०० | ६९०,१७२.०० | ९,८२८.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००,०००.०० | ०.०० | २७९,१६४.०० | २१२,९१५.०० | ४९२,०७९.०० | ०.०० | ४९२,०७९.०० | २०७,९२१.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २,२५८,९५८.०० | -३२१,९२८.०० | १,४०७,०११.०० | ८३७,०२५.०० | २,२४४,०३६.०० | ०.०० | २,२४४,०३६.०० | १४,९२२.०० |
| | कुल जम्मा | ५१,२३३,३३८.०० | -३३९,९२८.०० | ३३,२७६,०६७.०० | ९,०५७,१२३.७० | ४२,३३३,१९०.७० | ४१०,०००.०० | ४१,९२३,१९०.७० | ८,९००,१४७.३० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

1/2

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ४८६,३८०.०० | ०.०० | २१२,३८०.०० | २६०,०००.०० | ४७२,३८०.०० | २६०,०००.०० | २१२,३८०.०० | १४,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,४००,०००.०० | ०.०० | १,०६३,५८८.०० | ३३५,९९८.०० | १,३९९,५८६.०० | ०.०० | १,३९९,५८६.०० | ४१४.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | ०.०० | ३८,६७१.०० | ५७,३१०.०० | ९५,९८१.०० | ०.०० | ९५,९८१.०० | ४,०१९.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २००,०००.०० | ०.०० | ७४,०१०.०० | ७,५००.०० | ८१,५१०.०० | ०.०० | ८१,५१०.०० | ११८,४९०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३००,०००.०० | -१८,०००.०० | १४५,९३७.०० | २६,१२४.०० | १७२,०६१.०० | ०.०० | १७२,०६१.०० | १२७,९३९.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ६००,०००.०० | ०.०० | ४४५,१६६.०० | १३८,०००.०० | ५८३,१६६.०० | ०.०० | ५८३,१६६.०० | १६,८३४.०० |
| २२४१३ | करार सेवा शुल्क | ५,२००,०००.०० | ०.०० | ४,६३१,९२५.०० | ३८३,०२०.०० | ५,०१४,९४५.०० | ०.०० | ५,०१४,९४५.०० | १८५,०५५.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,२००,०००.०० | ०.०० | १,२२६,६९५.०० | ०.०० | १,२२६,६९५.०० | ०.०० | १,२२६,६९५.०० | ९७३,३०५.०० |
| २२५२२ | कार्यक्रम खर्च | ५,५००,०००.०० | ०.०० | २,८४२,९२८.०० | २,१३४,०८८.०० | ४,९७७,०१६.०० | ०.०० | ४,९७७,०१६.०० | ५२२,९८४.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ६,९५०,०००.०० | ०.०० | ४,२१५,३३२.०० | १,४२७,६००.०० | ५,६४२,९३२.०० | १५०,०००.०० | ५,४९२,९३२.०० | १,३०७,०६८.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ८००,०००.०० | ०.०० | ३८९,०९७.०० | ५६,७३५.०० | ४४५,८३२.०० | ०.०० | ४४५,८३२.०० | ३५४,१६८.०० |
| २२७११ | विविध खर्च | ६००,०००.०० | ०.०० | ५२६,९३२.०० | ७२,१७०.०० | ५९९,१०२.०० | ०.०० | ५९९,१०२.०० | ८९८.०० |
| २८१४२ | घर भाडा | ४,२३८,०००.०० | ०.०० | २,६४९,८५७.०० | १,४७८,३३२.०० | ४,१२८,१८९.०० | ०.०० | ४,१२८,१८९.०० | १०९,८११.०० |
| | कुल जम्मा | ५१,२३३,३३८.०० | -३३९,९२८.०० | ३३,२७६,०६७.०० | ९,०५७,१२३.७० | ४२,३३३,१९०.७० | ४१०,०००.०० | ४१,९२३,१९०.७० | ८,९००,१४७.३० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

____________________

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

____________________

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

## १४. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७७/७८ (बैशाख-असार) मा उजुरी,निवेदन र पुनरावेदनको **विवरण**

**राष्ट्रिय सूचना आयोग**

**आ.व. ०७७/०७८ (बैशाख देखि असार)**
**को पुनरावेदन शाखाको प्रगति विवरण**

| क. सं. | | वैशाख | जेठ | असार |
|---|---|---|---|---|
| १ | ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने आदेश | ७३ | ५४ | १३३ |
| २ | ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश | १० | ३ | ४० |
| २ | १५ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश | ० | ० | १ |
| ३ | ३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश | १ | ४ | १० |
| ५ | लगतकट्टा गर्नू भन्ने आदेश | २६ | ३४ | ४४ |
| ६ | तामेलीमा राख्नु भन्ने आदेश | ८ | ६ | १४ |
| | ऐनको दफा ३३ बमोजिम क्षतिपूर्ति सम्बन्धी आदेश | ० | १ | ० |
| | आदेश सच्याइएको आदेश | ० | ० | १ |
| | ऐनको दफा ३३ बमोजिम जरिवाना आदेश | | | १ |
| ७ | **जम्मा** | ११८ | १०२ | २४४ |
| ८ | पत्राचार भएको | ७६ | ८४ | ३०५ |
| ९ | दरपीठ भएको निवेदन | ० | ० | ० |
| १० | नयाँ दर्ता भएका मुद्दा संख्या | १३१ | ३१ | ९२ |
| ११ | आयोगको वैठक संख्या | १ | १ | २ |

## १५. आ.व. ०७७/७८ (बैशाख- असार) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

सूचनाको हकको क्षेत्रमा पुर्याएको योगदानको कदर स्वरुप निश्चित छनौट विधीका आधारमा छनौट गरी पुरस्कृत गर्ने गरेकोमा गत बर्ष कोभिड महामारीका कारण पुरस्कृत गर्न सकिएन। यस बर्ष उक्त कार्यक्रमलाई निरन्तरता दिदै उत्कृष्ट सूचना अधिकारी पुरस्कार र विनय कसजु (उत्कृष्ट अभियन्ता) पुरस्कारको लागि मिति २०७७।१२।०५ गते गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी ३० दिनको समय दिई आवेदन माग गरिएको थियो । प्राप्त आवेदनहरुबाट विनय कसजु (उत्कृष्ट अभियन्ता) पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारका लागि निर्धारण गरिएको

मापदण्डको आधारमा सिफारिस समितिले मूल्याङ्कन गरी सिफारिस गरेका देहायबमोजिमका अभियन्ता तथा सूचना अधकारीलाई बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत सम्मान गर्ने आयोगको मिति २०७७।०१।१७ मा बसेको बैठकबाट निर्णय भएको छ । साथै आयोगमा रही उत्कृष्ट कार्यसम्पादन गर्ने देहायबमोजिमका ३ जना कर्मचारीलाई प्रदान गरिने पुरस्कारका लागि सचिवायलयले सिफारिस गरेबमोजिम तपसिलमा उल्लेखित कर्मचारीको नामावली स्वीकृत गरिएको छ ।कोरोना महामारिका कारण पुरस्कृतहरुलाई प्रमाणपत्र वितरण गर्न सकिएको छैन । उपयुक्त समयमा वितरण गरिनेछ ।

**उत्कृष्ट सूचना अधिकारीतर्फ**

| सि.नं. | नाम | कार्यालय नाम |
|---|---|---|
| १. | श्री दयाराम तिवारी | राष्ट्रिय मुस्लिम आयोग |
| २. | श्री सुरज कुमार भुजेल | थाहा नगरपालिका, मकवानपुर |
| ३. | श्री राजेश चौधरी | प्रदेश निर्वाचन कार्यालय, कैलाली |
| ४. | श्री नवराज गिरी | जिल्ला हुलाक कार्यालय, ताप्लेजुङ्ग |
| ५. | श्री सरोज खतिवडा | जिल्ला हुलाक कार्यालय, खोटाङ |

**बिनय कसजु (उत्कृष्ट अभियन्ता) पुरस्कारतर्फ**

| सि.नं. | नाम | ठेगाना |
|---|---|---|
| १. | श्री अजय कुमार साह | त्रियुगा नगरपालिका ११, उदयपुर |
| २. | श्री डा. मुन्ना कुमार | सिम्रौनगढ नगरपालिका ७, बारा |
| ३. | श्री शैलेन्द्र कुमार महतो | बटेश्वर गाउँपालिका २, धनुषा |
| ४. | श्री ईश्वरा तिवारी | हल्दिवारी गाउँपालिका ३, झापा |
| ५. | श्री राम पुकार रौनियार | बिरगंज नगरपालिका ८, पर्सा |

**उत्कृष्ट कर्मचारीतर्फ**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव |
| २. | श्री शान्ति वाग्ले | कानून अधिकृत |
| ३. | श्री रबिन गौतम | कम्प्युटर अपरेटर |

**१५.१ अन्य कार्यक्रम**

- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।

- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।

**बुलेटिन प्रकाशन**

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरुबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

**सूचनाको हकको कार्यान्वयन सम्बन्धी परिक्षण प्रतिवेदन (२०७७) (An Audit Report of Right to Information २०२०)**

सूचनाको हकको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरी कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिन तथा कमी कमजोरी भए सुधार गर्न सकिने भएकोले विश्वभर प्रचलित मापदण्डको आधारमा संघीय मन्त्रालय तथा अन्तरगतका निकायहरुको परिक्षण गरी प्रतिवेदन प्राप्त हुन आएको (उक्त प्रतिवेदन प्रकाशित भैसकेको छ ।

**आयोगबाट मिति २०७८ बैशाख देखि असार मसान्तसम्म जरिवानाहरु**

| सि.नं. | पुनरावेदक नाम | संस्थाको नाम | जरिवाना रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | जीवन खनाल | प्रधानाध्यापक बुद्धनगर आधारभूत माध्यमिक विद्यालय | ५०००।- | २०७८।०३।१७ | |

**आयोगबाट मिति २०७८ बैशाख देखि असार मसान्तसम्म भएका बैठकका निर्णयहरु**

**बैठक नं. २६०(३)२०**

**मिति २०७८।०१।१७**

**निर्णय**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को संशोधन मस्यौदा तर्जुमा गरी पेश गर्न गठित समितिले पेश गरेको प्रस्तावित मस्यौदा आयोगलाई जानकारी भयो । प्रस्तावित मस्यौदामा राय सुझाव सहित अर्को बैठकमा छलफल गर्ने निर्णय भयो ।

२. कोभिड १९ को संक्रमण बढ्दै गएको र नेपाल सरकारले केही जिल्लाहरुमा निषेधाज्ञा जारी गरेको तथा सबैको स्वास्थ्य सुरक्षालाई समेत ध्यानमा राखी यस बर्षको आयोग स्थापना दिवसमा कुनै

औपचारिक समारोह कार्यक्रम गर्न समय उपयुक्त नभएको हुँदा कुनै औपचारिक कार्यक्रम नगर्ने निर्णय गरियो ।

३. आयोगको १४ औं स्थापना दिवसको अवसरमा प्रदान गरिने पुरस्कृत हुनेहरूको नामावली छनौट समितिका संयोजक तथा आयोगका सचिवले आयोगमा सिफारिस पेश गर्नु भयो । प्राप्त पुरस्कृतहरुको नामावली आयोगले स्वीकृत गऱ्यो ।

४. ICIC को निर्वाचनका लागि अनलाईन भोटिङ्ग शुरु भैसकेको । मतदान गर्ने समय मे ६ सम्म अन्तिम मिति रहेको । यस सम्बन्धमा आवश्यक निर्देशनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा निर्देशनका लागि लेखि पठाइसकेकोमा उक्त मन्त्रालयबाट लेखी आए बमोजिम समयमा नै मतदान गर्ने निर्णय भयो ।

५. यस बर्षको आयोगको बार्षिक प्रतिवेदनको तयारी सचिवालयबाट समयमै प्रारम्भ गर्नको लागि आयोगबाट सचिवालयलाई निर्देशन दिने ।

६. National Democracy Institute सँग सहकार्य गर्दै जाने निर्णय भयो ।

विविध

(क) कोभिड १९ का सन्दर्भमा यस आयोगबाट गत बर्ष विभिन्न मितिमा पटक पटक निर्देशन जारी गरेको थियो । यस बर्ष पनि कोभिड महामारीको दोस्रो लहर शुरु भएको र यसबाट सर्वसाधरण नागरिकमा असर पर्ने हुँदा गत बर्ष भएका निर्देशनहरुको ध्यानाकर्षण गराउँदै सो सम्बन्धमा पुनः आयोगबाट संक्षिप्त आदेश गर्ने निर्णय भयो ।

(ख) आयोगबाट प्रकाशित हुने बुलेटिनलाई साविकको समितिबाट नै व्यवस्थित गर्ने ।

(ग) यस आयोगका पूर्व सचिव श्री मुकुन्द प्रसाद पौड्यालले यस आयोगमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद दिने र हाल सरुवा भई आउनु भएका सचिव श्री भगिरथ पाण्डेयलाई स्वागत गर्ने ।

## बैठक नं. २६१(३)२१
## मिति २०७८।०२।२४

**निर्णय**

१. राष्ट्रिय सूचना आयोगका लागि आर्थिक वर्ष २०७८/७९ को बजेटमा नेपाल सरकारबाट रु. ४ करोड ९६ लाख विनियोजित भएको अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भए बमोजिम यस आयोगको गठन भएको हो । संवैधानिक हककारुपमा व्यवस्था भएको सूचनाको हकको सम्बर्द्धन र प्रचलन गर्न गराउन यस आयोगले सरोकारवालाहरुसँगको सहकार्यमा वार्षिकरुपमा नीति निर्माण, कार्यालय प्रमुख, सूचना अधिकारी, सांसद, न्यायाधीश, सर्वसाधरण नागरिक, सञ्चारकर्मी लगायतका लागि विविध प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यसैका कारण सूचनाको हक कार्यान्वयनमा सघाउ पुगेको विश्वास छ । यो अवस्थालाई हेर्दा राष्ट्रिय सूचना आयोगलाई प्राप्त हुने बजेटमा बृद्धि हुँदै जानु पर्ने हो । तर विगत आर्थिक वर्ष २०७४/७५ देखि मागको पनि विश्लेषण गर्ने हो भने प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजनको आकार घट्दै गईरहेको छ । सम्झनु पर्ने विषय के पनि छ भने प्रशासनिक खर्च बढिरहेको छ । यसबाट घट्दै गईरहेको कूल बजेटमा बढ्दो प्रशासनिक (अनिवार्य खर्च) खर्चका कारण कार्यक्रममा बजेटको भार स्वभाविकरुपमा कम हुने नै भयो । यसबाट आयोगबाट सम्पादन हुनुपर्ने क्रियाकलापमा स्वभाविक संकुचन आउने अवस्था देखिएको छ ।

कोरोना महामारीको समय भएका हुँदा आयोगले माग गरेको वा अपेक्षा गरे अनुरुपको बजेट पाउन मुश्किल हुन सक्ने अवस्थाप्रति आयोग सचेत छ । फेरि यही महामारीका बेलामा सूचनाको हकको थप महत्व हुने विषयप्रति पनि सचेत रहनु पर्ने देखिन्छ । यस विषयमा माननीय अर्थ मन्त्रीज्यू तथा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूलाई बजेट सिलिङ वितरण हुनु अगाडि नै पत्र लेखी आयोगलाई आवश्यक पर्ने बजेटका बारेमा अवगत पनि गराइएको थियो । यसका बाबजुद पनि विनियोजित बजेट क्रमशः प्रत्येक वर्ष घट्दै जाने क्रम यथावत रहेकोमा यस्तो अवस्थामा सूचनाको हक कार्यान्वयनका लागि गर्नै पर्ने कार्यक्रम गर्न पनि नसकिने अवस्थाप्रति आयोग चिन्तित रहेको छ । तथापि प्राप्त बजेटबाट अधिकतम् प्रतिफल प्राप्त गर्नका लागि यथाशीघ्र कार्यान्वयनका कार्ययोजना, तयारी तथा अन्य कार्यहरू सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

२. सूचना आयुक्तहरुको विश्वव्यापी सञ्जाल को प्रत्येक वर्ष आयोजना हुने वार्षिक बैठक गत वर्ष कोरोना महामारीका कारण सम्पन्न हुन सकेन । महामारी कायमै रहेको हुँदा यस वर्षको बैठक यही जुन २३ र २४ मा भर्चुअलरुपमा आयोजना हुने भएको छ । उक्त कार्यक्रममा आयोगका तर्फबाट पहिलो दिनको बैठकमा प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरूङ्ग, आयोगका सचिव श्री भगिरथ पाण्डेय र उपसचिव श्री फणिन्द्र दाहालले भाग लिने । त्यसैगरी उक्त बैठकको दोस्रो सत्रको बैठकमा सूचना आयुक्त श्री कमला ओली थापा, सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली र उपसचिव श्री कपिल प्रसाद उपाध्यायले भाग लिने निर्णय भयो ।

३. पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७८ लाई स्वीकृत गरी आजैका दिनदेखि लागु गर्ने निर्णय भयो ।

विविध

(क) आयोगको रणनीतिक योजनालाई अन्तिम रुप दिनको लागि आयोगको तर्फबाट प्रतिक्रिया तुरुन्तै पठाउने निर्णय भयो ।

(ख) अन्य विविध विषयमा छलफल भयो ।

**बैठक नं. २६२(३)२२**

**मिति २०७८।०३।०८**

**<u>निर्णय</u>**

१. नेपाल राष्ट्र बैंकबाट सूचनाको हकको सम्मान र संरक्षण गर्न जारी गरेको "नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७" का सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन आयोगका सदस्य श्री कमला ओली थापाको संयोजकत्वमा गठीत समितिले दिएको प्रतिवेदन माथि छलफल भयो । सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन नीति ल्याएकोमा नेपाल राष्ट्र बैंकलाई आयोग धन्यवाद दिन्छ । प्रस्तुत नीतिका देहायका बुँदाहरु सूचनाको हकसम्बन्धी कानूनसँग बाझिने, अस्पष्ट हुने तथा थप गर्नु पर्ने पाइएकोले ती बुँदाहरुमा आवश्यक संसोधन गरी मात्र लागु गर्न गराउन नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखि पठाउने र निर्णयको कार्यान्वयन भएको जानकारी आयोगलाई उपलब्ध गराउन पनि निर्देशन दिने ।

(क) उल्लेखित नीतिको ६(२) मा भएको व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) र दफा २७ सँग बाझिएको देखिँदा सो अनुकूल बनाई लागु गर्नु ।

(ख) उक्त नीतिको दफा ७ मा सूचना मागकर्ताले अनुसूची-१ बमोजिमको ढाँचामा सूचना माग गर्ने ढाँचा मात्र राखेको पाइयो । सो अनुरुप सूचना नपाइएमा सूचनाको हकसम्बन्धी ऐनको दफा ९ बमोजिम उजुरी गर्न सक्ने नमूना समेत समावेश गर्नू । साथै सूचना मागकर्ताले इमेल मार्फत पनि सूचना माग गर्न र सूचना नपाएमा कार्यालय प्रमुख समक्ष उजुरी गर्ने व्यवस्था समावेश गर्नु ।

(ग) उक्त नीतिको दफा ९(३) मा उल्लेखित व्यवस्थाका सम्बन्धमा नीतिको ६(२) मा (आयोगको निर्देशन अनुसार बनाइए पश्चात) राखिएको व्यवस्था नै पर्याप्त हुने भएकोले दफा ९(३) को व्यवस्था हटाउनु ।

(घ) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) सम्बन्धी व्यवस्था नीतिमा समावेश गर्ने व्यवस्था मिलाउनु ।

(ङ) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ र दफा ९ ले सूचना अधिकारीले र कार्यालय प्रमुखले सूचना दिनु पर्ने समय सीमा तोकेको हुँदा सो समय सीमा नीतिमा समावेश गर्ने ।

२. आगामी आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्ने तयारीको बारेमा छलफल भयो । कार्यान्वयनका लागि कार्यविधि बनाउने, कार्यदल बनाउने, प्रकृया निर्धारण गर्ने जस्ता विषयहरुमा असार मसान्त भित्र नै तयारी सम्पन्न गरी आगामी बैठकमा पेश गर्ने ।

३. बार्षिक प्रतिवेदन तयारीलाई तिब्रताका साथ कार्य गर्ने निर्णय भयो ।

४. अन्य विविध बिषयमा छलफल भयो ।

## बैठक नं. २६३(३)२३
## मिति २०७८।०३।२७

**निर्णय**

१. आगामी आर्थिक वर्ष २०७८/७९ को लागि स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्ने बारेमा कार्यान्वयन कार्ययोजना बनाई मन्त्रालयमा पठाइएको जानकारी भयो । कार्यक्रम सञ्चालनलाई सहजता प्रदान गर्न आयोगका पदाधिकारीहरुले संयोजन गर्न तथा सहजीकरण गर्न उपयुक्त हुने भएको हुँदा संलग्न विवरण बमोजिम संयोजन गर्ने निर्णय भयो ।

२. प्रत्येक वर्ष सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेकोमा कदरस्वरुप प्रदान गर्दै आएको विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कारका लागि विनियोजन हुनुपर्ने बजेट आयोग तथा मन्त्रालयबाट समेत प्रस्ताव हुँदा हुँदै पनि स्वीकृत बजेटमा छुट भएको पाइएको हुँदा आवश्यक पर्ने रकम रु. २,७५,०००।- बजेट निकासा गरिदिन अर्थ मन्त्रालयमा माग गर्ने ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम सूचना मागकर्ताले सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीसँग सूचना माग गर्दा सूचना पाउन नसके पछि आयोगमा परेको पुनरावेदन उपर कानूनले तोकेको समय अवधिभित्र कारबाही गर्न सहज होस र सूचना मागकर्ताको माग संबोधन गर्न सकियोस भन्ने उद्देश्यबाट देहाय बमोजिम गर्ने व्यवस्था साउन १ गते देखि नै लागु गर्ने ।

(क) पुनरावेदन शाखामा कुनै पनि पुनरावेदन दर्ता हुनासाथ फाइल तयार गरी कार्य विभाजन बमोजिम आयोगका आयुक्तकोमा तत्काल पेश गर्ने ।

(ख) आयोगका आयुक्तले पेश भएको फाइल अध्ययन गरी उपयुक्त निर्देशन सहित पुनरावेदन शाखामा यथासिघ्र फाइल उपलब्ध गराउने ।

(ग) पुनरावेदन उपर यथाशक्य चाँडो कानूनले प्रदान गरेको समयसीमा अगावै पुनरावेदन उपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम निर्णय गर्न आवश्यक प्रक्रिया पुरा गरी इजलासमा पेश गर्न निर्णय/आदेशको मस्यौदा सहित पुनरावेदन शाखामा सम्बन्धित आयुक्तले पठाउने ।

(घ) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) बमोजिम आदेश भएकोमा पुनरावेदकले आदेश भए बमोजिमको सूचना नपाएको भनी उजुरी प्राप्त भएमा त्यस्ता उजुरीको फाइल तयार गरी दफा ३२ बमोजिम कारबाही किन नगर्ने भन्ने आदेशको मस्यौदा साथ कार्य विभाजन बमोजिमको आयुक्तकोमा पुनरावेदन शाखाले पेश गर्ने ।

(ङ) बुँदा (घ) बमोजिम प्राप्त फाइल उपर अध्ययन गरी सम्बन्धित आयुक्तले सुझाव सहित यथाशिघ्र पुनरावेदन शाखामा इजलासमा पेश गर्नका लागि फाइल पठाउने ।

४. अन्य विविध बिषयमा छलफल भयो ।

**१६. सार्वजनिक निकायको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

**१७. आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१८. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग भएको र उपलब्ध गराएको १ वटा ।**

**१९. यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७६।०७७ सम्म

१९.२ सचित्र पुस्तिका

१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन

१९.४ Guidelines of Public Information Officers (PIOS)

१९.५ आयोगका जानकारीमूलक ब्रोसियर

१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

१९.७ Right to Information (RTI) Journal

१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook

१९.९ Management Information System (MIS) Guidebook

१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

१९.१२ अनुगमन तता मूल्यांकन प्रतिवेदन- २०७५

१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५

१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरु

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
**Facebook/Twitter :**
**https://www.facebook.com/rtinepal,**
**https://twitter.com/suchanaayog**